# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, पुस १८ गते २०५१ साल (संख्या ३७


## भाग ४

### श्री ५ को सरकार
### मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०५१।८।२२ को निर्णयानुसार प्रधानमन्त्रीको कार्यालयका का.मु. सचिव श्री पद्मप्रसाद पोखरेललाई सोही पदमा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सरुवा गरिएको छ ।

### सूचना २

शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयका का.मु. सचिव श्री खेमराज रेग्मी जोमटिन थाइल्याण्डमा "सबैको लागि शिक्षा" विषयक क्षेत्रीय बैठकमा भाग लिन त्यसतर्फ जानु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली,२०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विश्वनाथ अर्याललाई मिति २०५१।८।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०५१।८।२२ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहको रा.प. प्रथम श्रेणीका श्री नारायण-प्रसाद भट्टराईलाई निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी प्रधानमन्त्रीको कार्यालयको सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको का.मु.सचिव

३६८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार